धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक   जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईबरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३९ ◆ २०८३ भदौ ८ गते सोमबार, Monday, August 24, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## सुशीला गौतम र खेम सेन्चुरीको स्वरमा मोरे सैया गीत सार्वजनिक

काठमाडौं। लोकदोहोरी गायिका सुशीला गौतमको नयाँ सांगीतिक प्रस्तुति मोरे सैया सार्वजनिक भएको छ। सुशीला गौतम र खेम सेन्चुरीको संयुक्त स्वर रहेको यस गीतमा प्रेमभावका साथै नेपाली संस्कृतिको झल्को समेत प्रस्तुत गरिएको छ।

नेत्र अर्यालद्वारा शब्द रचना गरिएको यस गीतमा खेम सेन्चुरीले नै संगीत तथा हुकलाइन तयार पारेका हुन्। गीतको रेकर्डिङ कुमार विश्वकर्माले गरेका छन् भने संगीत संयोजनको जिम्मेवारी एचबीएन किस्मतले सम्हालेका छन्। सुनिल बीकेको निर्देशनमा तयार पारिएको भिडियोमा गरिमा शर्मा र खेम सेन्चुरी मुख्य भूमिकामा देखिएका छन्। नेपाली मौलिक पहिरन र पर्यटकीय स्थल सौराहाको



प्राकृतिक परिवेशलाई समेटेर गरिएको छायांकनले गीतको भावलाई थप जीवन्त बनाएको छ।

गीतको छायांकन अनिल के. मानन्धरले गरेका छन् भने सम्पादन प्रविन भट्टले गरेका हुन्। गल्बन्दी प्रोडक्सनको प्रस्तुतिमा रहेको यो गीत सुशीला गौतमको युटुब च्यानलसहित विभिन्न डिजिटल प्लेटफर्महरू मार्फत दर्शक तथा श्रोतासामु पुगेको छ।

## केएस भरतले काठमाडौंबाट एनपिएल खेल्ने

काठमाडौं। नेपाल प्रिमियर लिग (एनपिएल) टोली काठमाडौं गोर्खाजले पहिलो विदेशी खेलाडीको रूपमा भारतका विकेट किपर/ब्याटर केएस भरतलाई अनुबन्ध गरेको छ। काठमाडौंले तेस्रो संस्करणको एनपिएलका लागि उनलाई अनुबन्ध गरेको हो।

भारतीय घरेलु क्रिकेटका अनुभवी खेलाडी भरतले आफ्नो देशका लागि सातवटा टेष्ट खेलेका छन्। उनले दिल्ली क्यापिटल्स र रोयल च्यालेन्जर्स बेंगलुरुबाट इण्डियन प्रिमियर लिग (आइपिएल) समेत खेलिसकेका छन्। उनले प्रथम श्रेणी क्रिकेटमा छ हजारभन्दा बढी रन बनाएका छन्। भरतले यही वर्षको जुन महिनामा अन्तराष्ट्रिय क्रिकेटबाट सन्यास लिएका थिए। अनुभवी खेलाडी भरतको आगमनले टोली थप बलियो बनेको काठमाडौं गोर्खाजले जनाएको छ। "भारतका अन्तरराष्ट्रिय खेलाडी केएस भरतले आफ्नो देशका लागि टेस्ट क्रिकेट खेलिसकेका छन्। विकेट पछाडि धैर्य र संयमका लागि परिचित भरतले टोलीमा अनुभव, विश्वासनीयता र सुरक्षित विकेट किपिङ ल्याउने छन्", काठमाडौं गोर्खाजले उनलाई सार्वजनिक गर्दै सामाजिक सञ्जालमा लेखेको छ। एनपिएलको तेस्रो संस्करण आउँदो कात्तिक ९ गतेदेखि मङ्सिर ५ गतेसम्म काठमाडौंमा आयोजना हुने तय भएको छ।

## जेन्जी आन्दोलनमा लुटिएको सट गन सहित एक युवक पक्राउ

झापा। गत वर्षको जेन्जी आन्दोलनका क्रममा प्रहरीबाट लुटिएको एक थान 'सट गन' सहित प्रहरीले झापाको दमकबाट आइतबार एक युवकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार पक्राउ पर्नेमा मोरङको उर्लाबारी नगरपालिका-६ घर भई हाल दमक नगरपालिका-२ रतुवा पुल नजिक अक्ष इन्टरप्राइजेज मोटर-साइकल ग्यारेजमा काम गर्दै आएका २० वर्षीय सुमन कर्ण रहेका छन्।

प्रहरी नायब उपरीक्षक अवाका अनुसार गत भदौ २३ र २४ गते भएको जेन्जी आन्दोलनका क्रममा लुटिएको सट गन दमक नगरपालिका-४ त्रिवेणी चोकस्थित खैरबारीमा लुकाएर राखिएको भन्ने गोप्य सूचना प्रहरीले प्राप्त गरेको थियो। उक्त सूचनाका आधारमा प्रहरीले कर्णलाई नियन्त्रणमा लिएर उनले बताएको स्थानमा खोजतलास गरेको थियो। सो क्रममा प्रहरीको 'मिक' कम्बलमा पोका पारी लुकाएर राखिएको अवस्थामा एक थान सट गन फेला परेको प्रहरीले जनाएको छ। प्रहरी नायब उपरीक्षक अवाले सट गन कहाँबाट लुटिएको हो र आन्दोलनका क्रममा हतियार कसरी कर्णको हातमा पुग्यो भन्ने विषयमा अनुसन्धान भइरहेको जानकारी दिनुभयो।

## चिप्ले झरनाबाट खसेर बेपत्ता भएका युवकको शव फेला

कैलाली। कैलालीको चुरे गाउँपालिका-५ स्थित सुरुगडा चिप्ले झरनामा चिप्लिएर बेपत्ता भएका युवकको आइतबार शव फेला परेको छ। डडेल्धुराको अजयमेरु गाउँपालिका-३ ठेकीलाका रमेश पन्तको २२ वर्षीया छोरा खगराज पन्त घुम्नका लागि झरना आएका बेला शनिबार खसेर बेपत्ता भएका थिए। घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयको सहयोगमा झरनासहित आसपासका क्षेत्रमा खोजी सुरु गरेको थियो। खोजीका क्रममा आइतबार झरनाबाट करिब ५०० मिटर तल पन्तको शव फेला परेको जिल्ला प्रहरी कार्यालय कैलालीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक योगेन्द्र तिमिल्सेनाले बताउनुभयो। पन्त हाल धनगढीस्थित डेनित इन्स्च्युटमा कोरियान भाषा अध्ययनरत थिए।

# प्रधानमन्त्रीको भ्रमणले मुस्ताङवासी उत्साहित

❑ *प्रत्यूष समाचारदाता*

मुस्ताङ। प्रधानमन्त्री बालेन्द्र शाहको भ्रमणले मुस्ताङवासी उत्साहित भएका छन्। उहाँको मुस्ताङ भ्रमणले यहाँको चर्चा चुलिएको छ। यसअघि तत्कालिन प्रधानमन्त्री सुशीला कार्की पनि मुस्ताङ आउनु भएको थियो। तर उहाँ काठमाडौंबाट पोखरा हुँदै नेपाली सेनाको हेलिकप्टरबाट सिधै मुक्तिनाथ क्षेत्र आउनुभएको थियो।

प्रधानमन्त्री शाह भने बर्खायामको मौसममा समेत बेनी-जोमसोम सडकखण्डको सास्ती व्यहोर्दै आफैंले सवारीसाधन हाँकेर शनिबार मुस्ताङको जोमसोम आइपुग्नुभएको थियो। सोही दिन साँझ प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरी जोमसोममा बास बस्नुभयो। प्रधानमन्त्री शाह आज मुस्ताङबाट काठमाडौंतर्फ प्रस्थान गर्नुभयो।

प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमणबाट यहाँको पर्यटन क्षेत्रमा ठूलो उभार आउने अपेक्षा गरिएको छ। मुस्ताङ उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजुप्रसाद लालचनले प्रधानमन्त्री शाहको मुस्ताङ आगमनले यस क्षेत्रको पर्यटन क्षेत्रमा ठूलो टेवा पुग्ने बताउनुभयो। "प्रधानमन्त्री जहाँ जानु हुन्छ, त्यसक्षेत्रको पर्यटन क्षेत्रको चर्चा निकै चुलिएको छ", उहाँले भन्नुभयो, "उहाँको मुक्तिनाथ दर्शनसहितको मुस्ताङ भ्रमणले यहाँको धार्मिक पर्यटन क्षेत्रलाई थप चलायमान बनाएको छ।"

प्रधानमन्त्री शाहले मुक्तिनाथको दर्शन गरेर पवित्र धार्मिकस्थल मुक्तिनाथको धार्मिक आस्था, विश्वास र गरिमालाई राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरसम्म सन्देश प्रवाह गर्नुभएको अध्यक्ष लालचनले बताउनुभयो। प्रधानमन्त्रीको पहिलो स्वदेश भ्रमण मुस्ताङबाटै सुरु भएको र त्यो पनि सडकमार्गबाटै भएकाले सडक पूर्वाधार विकासतर्फ पनि उहाँको ध्यान जानेमा आफू आशावादी बनेको उहाँले उल्लेख गर्नुभयो।

"राष्ट्रिय गौरवको बेनी-जोमसोम सडकमार्ग अस्तव्यस्त छ, प्रधानमन्त्रीले यसको प्रत्यक्ष अनुभव गर्नुभयो", अध्यक्ष लालचनले भन्नुभयो, "बेनी-जोमसोम सडकको स्तरोन्नति आवश्यक छ, यहाँ संसारभरीका नागरिक घुम्न आउँछन्।" अध्यक्ष लालचनले कोरला नाका हुँदै तिब्बतको कैलाश मानसरोवर धार्मिक तीर्थाटनका लागि सो नाकामा अध्यागमन कार्यालयलाई सक्रिय बनाएर राहदानीको समेत सुविधा हुनसके मुस्ताङको पर्यटन क्षेत्रमा कायापलट हुने बताउनुभयो। उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकका लागि पनि नेपाली नागरिक जस्तै अर्थनिषेधित क्षेत्रलाई फुकुवा गर्न सकेमा भारत, नेपाल र चीनबीच त्रिदेशीय पर्यटनमार्ग थप सहज हुने अध्यक्ष लालचनको भनाइ छ। प्रधानमन्त्री शाहको भ्रमणले मुस्ताङको पर्यटन क्षेत्रले थप फड्को मार्ने मुक्तिनाथ होटल एशोसियसनका अध्यक्ष सुरज गुरुङले उल्लेख गर्नुभयो। प्रधानमन्त्रीको मुस्ताङ भ्रमण हुन यहाँका पर्यटन व्यवसायीका लागि ठूलो अवसर भएको उहाँको भनाइ छ। प्रधानमन्त्री शाहबाट मुक्तिनाथको दर्शनले धार्मिक आस्था र यस क्षेत्रको महत्वलाई थप उजागर गर्न सफल भएको एशोसिएनका अध्यक्ष गुरुङले बताउनुभयो। मुस्ताङको पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा सन् २०१८ को मे महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दर्शन गर्नुभएको थियो।

## बदलिँदो परिस्थितिअनुसार एमाले रूपान्तरण हुनुपर्छः उपाध्यक्ष गुरुङ

❑ *प्रत्यूष समाचारदाता*

लमजुङ। नेपाल कम्युनिष्ट पार्टी (एमाले) का केन्द्रीय उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङले बदलिँदो राजनीतिक परिस्थितिअनुसार पार्टीको नीति, विचार, कार्यशैली र सङ्गठनलाई समयानुकूल रूपान्तरण गर्नुपर्ने बताउनुभएको छ।

नेकपा (एमाले) जिल्ला कमिटी लमजुङको बेंसीसहर नगरपालिका-८ स्थित मदन-आश्रित स्मृति भवनमा आयोजित १३औं बैठकलाई आइतबार सम्बोधन गर्दै उपाध्यक्ष गुरुङले पार्टीलाई थप सुदृढ, प्रभावकारी र जनमुखी बनाउन नीति, विचार, कार्यशैली तथा सङ्गठनमा आवश्यक पुनःगठन गर्नुपर्ने बताउनुभयो। उहाँले पार्टी सङ्गठनलाई जनतासँग जोड्दै कार्यकर्तालाई सक्रिय, जिम्मेवार र प्रभावकारी ढङ्गले परिचालन गर्नुपर्नेमा जोड दिनुभयो।

बदलिँदो राजनीतिक परिवेश र जनताको अपेक्षालाई सम्बोधन गर्न पार्टीले आफ्नो कार्यशैलीमा सुधार गर्दै अघि बढ्नुपर्ने बताउँदै उपाध्यक्ष गुरुङले पार्टीका गतिविधिलाई जनताका समस्या तथा आवश्यकतासँग जोडेर सञ्चालन गर्नुपर्ने धारणा राख्नुभयो।

एमाले केन्द्रीय कमिटी सचिव खगराज अधिकारीले जनताको चाहना र अपेक्षाअनुसार पार्टी निर्माण गर्नुपर्ने बताउनुभयो। पार्टीभित्र भएका गल्ती तथा कमजोरीलाई स्वीकार गर्दै त्यसबाट पाठ सिकेर अघि बढ्नुको विकल्प नभएको उल्लेख गर्दै उहाँले विगतका कमजोरीको समीक्षा गरी पार्टीलाई जनमुखी, सुदृढ र प्रभावकारी बनाउनुपर्ने बताउनुभयो। उहाँले पार्टीका सबै तहका नेता तथा कार्यकर्ता जिम्मेवार भएर सङ्गठन सुदृढीकरणमा लाग्नुपर्नेमा जोड दिनुभयो।

एमाले केन्द्रीय सदस्य एवं जिल्ला इन्चार्ज जमिन्द्रमान घले र गण्डकी प्रदेश कमिटी सचिव धनञ्जय दवाडीले पार्टी सङ्गठनलाई थप सुदृढ, व्यवस्थित र जनमुखी बनाउनुपर्ने बताउनुभयो। पार्टीका नीति तथा कार्यक्रमलाई जनस्तरसम्म प्रभावकारी रूपमा पुर्याउँदै सङ्गठनलाई चलायमान



बनाउनुपर्ने उहाँहरूको भनाइ थियो। जिल्ला कमिटी अध्यक्ष राजकुमार विष्टले गत आर्थिक वर्षमा जिल्ला कमिटीबाट सम्पादन गरिएका कार्यक्रम तथा गतिविधिको विवरण प्रस्तुत गर्नुभएको थियो। उहाँले चालु आर्थिक वर्षमा सञ्चालन गरिने योजना तथा कार्यक्रम, सङ्गठन सुदृढीकरण र कार्यकर्ता परिचालनका विषयमा बैठकलाई जानकारी गराउनुभएको थियो। बैठकसँगै 'मिसन पार्टी जागरण अभियान-२०८३' सम्बन्धी अभिमुखीकरण समेत गरिएको थियो।

## सञ्चारमन्त्री डा तिमिल्सिनाबाट पहिरो प्रभावित बस्तीको निरीक्षण

त्रिशूली। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले आइतबार नुवाकोटको विभिन्न स्थानका पहिरो र त्यसका कारण जोखिममा परेका बस्तीको अवलोकन गर्नुभएको छ।

अवलोकनपश्चात् पहिरोबाट प्रभावित घरपरिवारलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरणसहित आवश्यक बन्दोबस्ती मिलाउन मन्त्री डा तिमिल्सिनाले निर्देशन दिनुभयो।

नुवाकोट-१ बाट निर्वाचित प्रतिनिधिसभा सदस्यका रुपमा मन्त्री डा तिमिल्सिनाले आफ्नो निर्वाचन क्षेत्रअन्तर्गत पञ्चकन्या, शिवपुरी र लिखु गाउँपालिकाको विभिन्न स्थानमा यही भदौ ४ र ५ गते राति परेको अविरल वर्षाका कारण पुगेको क्षतिको स्थलगत निरीक्षण एवम् प्रभावित बासिन्दासँगको अन्तरक्रियापश्चात् जोखिममा परेका घरपरिवारलाई सुरक्षित स्थानमा स्थानान्तरणको प्रक्रिया अघि बढाउन जिल्लास्थित निकायको ध्यानाकर्षण गराउनुभयो।

"स्थानीय सरकार र स्थानीय प्रशासनमार्फत तत्काल भएका उद्धार, राहत र व्यवस्थापन प्रभावकारी रहेछ", मन्त्री डा तिमिल्सिनाले भन्नुभयो, "पहिरोको जोखिमको जतिसक्दो चाँडो प्राविधिक अध्ययन गरेर बसोबासको लागि उपयुक्त भए/नभएको यकीन गरेर बस्ती स्थान्तरण गर्नुपर्ने भएकाले सङ्घीय सरकारकोतर्फबाट आवश्यक सहजिकरण गर्नेछौं।" स्थलगत निरीक्षणका क्रममा पञ्चकन्या गाउँपालिकाको अध्यक्ष तेजबहादुर तामाङले मन्त्री डा तिमिल्सिना सहित जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक एवं नुवाकोटका प्रमुख जिल्ला अधिकारीसहितको सरोकारवालालाई वडा नं ३ र ४ र ५ को विभिन्न स्थानमा गएको पहिरो र त्यसले पुर्याएको क्षतिको जानकारी गराउनुभएको थियो।

यही भदौ ४ गते राती परेको अविरल वर्षाका कारण पञ्चकन्या-४ स्थित बोकेडाँडामा ११ घरपरिवार बसोबास गर्दै आएको बस्ती जोखिममा परेपछि प्रभावित भएका बासिन्दासँग मन्त्री डा तिमिल्सिनाले भेटेर अन्तरक्रिया र उहाँहरुको गुनासो सुन्नुभयो।

## सम्पादकीय ....

### अन्योलता कायमै

राजनीतिक प्रभाव न्यूनीकरण र सुशासनको उद्देश्य बोकेको यो नियमावली कार्यान्वयनको पहिलो चरणमै आफ्नै व्यवस्थासँग बाझिँदा हजारौँ शिक्षक कानुनी अन्योलमा परेका छन् । नियमावलीले विद्यालय व्यवस्थापन समितिमा कुनै राजनीतिक दलको सदस्य नरहेको व्यक्ति मात्र अध्यक्ष वा सदस्य हुन सक्ने व्यवस्था गर्‍यो । उद्देश्य उचित थियो तर कार्यान्वयनको तयारी नगरी यही व्यवस्थालाई तत्काल लागु गर्दै शिक्षक सरुवा प्रक्रिया अघि बढाइयो ।

यहीँबाट समस्या सुरु भयो । नियमावली राजपत्रमा प्रकाशित भएको केही दिनमै देशभरि शिक्षक सरुवाका सूचना जारी भए तर अधिकांश विद्यालयमा नयाँ कानुनी मापदण्ड अनुसार विद्यालय व्यवस्थापन समिति गठन नै भएको थिएन ।

यस अवस्थामा सरुवाको आधार बन्ने समितिको वैधानिकतामाथि नै प्रश्न उठ्नु स्वाभाविक थियो । शिक्षा नियमावलीको नियम ९९ तथा अनुसूची-१७ अनुसार शिक्षक सरुवाका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति अनिवार्य छ ।

प्रश्रुन सरल तर गम्भीर छ-यदि नयाँ नियमावली लागु भइसकेपछि पुरानो समिति नयाँ कानुनी मापदण्ड अनुकूल छैन भने त्यही समितिले दिएको सरुवा सहमतिलाई कसरी वैधानिक मान्ने ?

यदि त्यस्तो सहमतिका आधारमा सरुवा गरिन्छ भने नयाँ नियमावलीको मर्म कमजोर हुँदैन ? यदि नयाँ समिति गठन नभएसम्म सरुवा रोकिन्छ भने वर्षौंदेखि पायक पर्ने स्थानको प्रतीक्षामा रहेका शिक्षक अन्यायमा पर्छन् । दुवै अवस्थामा समस्या शिक्षकको होइन, राज्यको तयारीको हो ।

कुनै पनि कानुन कार्यान्वयन गर्दा सङ्क्रमणकालीन व्यवस्था, स्पष्ट कार्यविधि र यथार्थपरक समयसीमा अपरिहार्य हुन्छ । तर यहाँ नयाँ मापदण्ड लागु गरियो । पुरानो संरचनाको कानुनी हैसियत स्पष्ट पारिएन तर त्यसै संरचनामा आधारित प्रशासनिक प्रक्रिया भने निरन्तर अघि बढाइयो । कानुनी रिक्तता सिर्जना गरेको छ । सुशासनको अर्थ आकर्षक कानुनी प्रावधान लेख्नु मात्र होइन; ती प्रावधान निर्विवाद रूपमा कार्यान्वयन हुने आधार तयार गर्नु पनि हो । अन्यथा कानुन आफैँ विवादको स्रोत बन्छ । शिक्षा तथा खेलकुद मन्त्रालयले अब विलम्ब नगरी विद्यालय व्यवस्थापन समितिको सङ्क्रमणकालीन वैधानिक हैसियत, शिक्षक सरुवाको कानुनी आधार र कार्यान्वयन प्रक्रियाबारे स्पष्ट आधिकारिक निर्णय सार्वजनिक गर्नुपर्छ ।

अन्यथा यो नियमावली सुधारको दस्तावेज होइन, प्रशासनिक असमञ्जस र कानुनी विवादको उदाहरणका रूपमा स्मरण गरिने बन्न पुग्छ । शिक्षा प्रयोगशाला होइन । यहाँ गरिने हरेक कानुनी त्रुटिले हजारौँ शिक्षकको जीवन, विद्यालय प्रशासनको विश्वसनीयता र सार्वजनिक शिक्षाप्रतिको नागरिक विश्वासलाई प्रत्यक्ष प्रभावित गर्छ । नीति बनाउने हतारभन्दा त्यसको कानुनी परिपक्वता धेरै महत्वपूर्ण हुन्छ ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका “**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक


**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०, ९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


## नेपाल-जापानसम्बन्धमा जापानी भाषा र संस्कृतिको भूमिका

*डा रामचन्द्र भुसाल*

नेपाल र जापानबीचको मैत्री सम्बन्ध धेरै पुरानो र महत्वपूर्ण छ । नेपालको विकासमा निरन्तर रूपमा सहयोग गर्दै आएका मित्र राष्ट्रहरूमध्ये जापान अग्रस्थानमा छ । सन् १९५६ सेप्टेम्बर १ मा दुई देशबीचमा औपचारिक रुपमा कूटनीतिक सम्बन्ध स्थापना भएपछि सात दशक लामो दुईपक्षीय मित्रता आपसी हित, नेपालको विकासमा जापानको साझेदारी र दुई देशका नागरिकबीचको सम्बन्ध फराकिलो र मजबुत बनाउँदै अगाडि बढिरहेको छ । दोस्रो विश्वयुद्धमा ध्वस्त भएको जापानले आज आफूलाई सक्षम राष्ट्रको रुपमा खडा गरी विश्वका नेपाल जस्ता धेरै मुलुकको विकासमा सहयोग गरिराखेको छ । दुई देशबीचको मित्रताको इतिहास हेर्दा सन् १८९९ मा जापानी भिक्षु इकाई कावागुची तिब्बती बौद्ध धर्म अध्ययनको सिलसिलामा तिब्बत जाने क्रममा नेपाल आउनुभएको र नेपाल जापानको मैत्री सम्बन्ध अनौपचारिक रुपमा जापानी भिक्षु इकाई कावागुचीको नेपाल भ्रमणबाटै सुरुआत भएको देखिन्छ । नेपाल र जापानबीचमा कूटनीतिक सम्बन्ध स्थापना पश्चात् जापानले नेपालको औद्योगिक विकास, कृषि, जलविद्युत्, शिक्षा, स्वास्थ्य, मानव संशाधन र पूर्वाधार विकासलगायतका क्षेत्रमा जापानी महत्वपूर्ण सहयोग गर्दै आएको छ । नेपाल र जापानबीचको सम्बन्ध स्थिर, दीर्घकालीन र विश्वासिलो छ भने जापानले नेपाललाई गर्दै आएको सहयोग निस्वार्थ र निरन्तर छ । जापानले दोस्रो विश्वयुद्ध पछिको कठिन परिस्थितिलाई अवसरको रुपमा लिँदै अहिले विश्वमै समृद्ध मुलुकहरूमध्ये अग्रस्थानमा रहेको छ । त्यस्तो कठिन परिस्थितिलाई पार गर्दै जापान अहिलेको अवस्थामा कसरी आइपुग्यो भन्ने थाहा पाउँदा हामीले जापानबाट सिक्नसक्ने कुराहरुको बारेमा बुझ्न सजिलो हुन्छ ।

जापानीहरूले आफ्नो देश तथा आफू जापानी हुनुमा अत्यन्त गर्व गर्ने गर्छन् । देश प्रेमको गहिरो भावमा उनीहरूको राष्ट्रिय विकास प्रतिको दृढ प्रतिबद्धता स्पष्ट रूपमा देखिन्छ । उनीहरू राष्ट्रिय प्रगतिलाई सामूहिक दायित्वको रुपमा लिँदै समाजको विकासको लागि एकताबद्ध भएर परिश्रमपूर्वक काम गर्छन् । ‘इमान्दारिता नै सर्वोत्तम नीति हो’ भन्ने मान्यता जापानीहरूको दैनिक जीवनमा व्यावहारिक रुपमा स्पष्ट देखिन्छ । सार्वजनिक तथा निजी दुवै परिवेशमा नियम कानुनको कडाइका साथ पालना गरिन्छ, जसले व्यवस्था कायम राख्न र अराजकता हुन नदिन सहयोग पुर्याउँछ । जापानमा समय निष्ठताप्रति उच्च सम्मान गर्दै समय व्यवस्थापनलाई प्राथमिकता दिइन्छ ।

जापानी उखान ‘नाना कोरोवी याओकि’ अर्थात् ‘सात पटक लड, आठ पटक उठ’ हो यसले जापानको लचिलोपन र धैर्यता झल्काउँछ र जति चुनौती आए पनि अगाडि बढिरहने दृढ इच्छाशक्ति विकास गर्न प्रोत्साहन गर्छ । जापानीहरु आफ्नो र अरुको गोपनीयतालाई धेरै सम्मान गर्छन् । जापानमा जेष्ठ र वरिष्ठहरुलाई व्यावहारिक रुपमै सम्मान गरिन्छ । त्यहाँ अनुशासनलाई सम्मानको रुपमा लिइन्छ जसले मानिसलाई आत्म नियन्त्रण गर्न प्रेरित गर्छ । अनुशासन, मिहेनत र जिम्मेवारी जापानी संस्कृति र जीवनका मुख्य आधार हुन् ।

जापानका नीतिहरुले समानतालाई बढावा दिन्छन् । सबै सरकारी कर्मचारीलाई हरेक तीन वर्षमा सरुवा गर्नु र एउटै क्षेत्रमा बस्ने सबै बालबालिकालाई प्राथमिक तहमा एउटै विद्यालयमा जानुपर्ने व्यवस्था समानताको उदाहरण हो । जापानमा हरेक पेसालाई सम्मान गरिन्छ र ‘सम्मान चाहियो भने सम्मान देउ’ भन्ने सोच सानैदेखि सिकाइन्छ । बालबालिकालाई सही गलत छुट्याउन र आफ्नो निर्णय आफैँ गर्न प्रोत्साहन गरिन्छ, जसले आत्मनिर्भरता विकास गर्छ । जापानमा घरदेखि पार्क र विद्यालयजस्ता सार्वजनिक स्थानसम्म सफाइलाई अत्यन्त महत्व दिइन्छ । जापानी समाजले साझा हितका लागि सहकार्यलाई महत्व दिन्छ, जुन कुनै चाडपर्व, सामुदायिक कार्यक्रम र स्वयंसेवा गतिविधिमा देखिन्छ । जापानी संस्कृतिमा शिक्षालाई उच्च मान्यता दिइन्छ र जापानको शिक्षा प्रणाली प्रतिस्पर्धात्मक एवं व्यावहारिक छ ।

जापानीहरूले ताजा र मौसमी उत्पादनमा केन्द्रित सन्तुलित खाना खाने, बेलुकाको खाना चाँडै खाने र खानापछि हल्का व्यायाम गर्ने गर्छन्, जसले स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । यस्ता खानपान र जीवनशैलीले समग्र स्वास्थ्य सुधार्ने र दीर्घायु बढाउन मद्दत गर्ने भएकै कारणले जापानमा १०० वर्ष नाघेको जनसङ्ख्या झन्डै एक लाख छ । जापानीहरू आफ्नो मिहेनत र काममा गर्व गर्छन्, जसले देशको विकासमा महत्वपूर्ण योगदान दिन्छ । जापानी शब्द ‘गामान’ (सहनशीलता) भन्ने अवधारणाले काममा निरन्तरता, धैर्यता र कर्तव्यबोधप्रति जापानी प्रतिबद्धता देखाउँछ । जापानीहरूले जीवनमा सबैभन्दा बढी आफ्नो जिम्मेवारी र कामलाई प्राथमिकतामा राख्दछन् । त्यहाँको तीव्र आर्थिक विकास नेपालजस्ता विकासोन्मुख देशहरूको लागि प्रेरणादायी उदाहरण बनेको छ । जापानले गरेको दक्ष जनशक्ति विकास, जापानीहरूको उच्च नागरिक जिम्मेवारी, प्रभावकारी राजनीतिक नेतृत्व, सुशासनलगायतका कुराहरुले अहिलेको जापान बनेको हो । हामीले जापान र जापानी जनताहरूबाट यस्तै कुराहरु सिक्न सक्छौँ ।

जापान जस्तो विकसित मुलुकले पनि अहिले केही समस्याहरु भोगिरहेको छ । ढिलो विवाह र व्यस्त जीवनको दबाबको कारण घट्दो जन्मदर र बढ्दो वृद्धहरूको सङ्ख्या जापानको चुनौती बन्दै गएको छ । त्यस्तै जापानमा पश्चिमी देशको प्रभावले सामाजिक, धार्मिक र सांस्कृतिक परिवर्तन आउन गई जापानको आफ्नोपनमा ह्रास हुने सम्भावना बढ्दै गएको छ । अहिले जापानमा विदेशीहरूको सङ्ख्या दिन प्रतिदिन बढ्दैछ र नेपालीहरू मात्रै झन्डै तीन लाख छन् । यसरी बढ्दै गएको विदेशीहरूको सङ्ख्या जापानी समुदायको लागि समस्या बन्दैछ । जापानीहरुलाई जापानको बारेमा पर्याप्त ज्ञान नभएका विदेशीहरूले जापानको संस्कृति, परम्परा र समुदायमा विकृति ल्याउँछन् कि भन्ने त्रास छ भने जापानी भाषा, संस्कृति, नियम कानुन आदिको ज्ञान नभएका विदेशीहरूले भाषा र संस्कृतिको समस्या, सामाजिक एक्लोपना र जटिल प्रशासनिक प्रक्रिया जस्ता विभिन्न कठिनाइ भोगिरहेका छन् । यस्तो अवस्थामा कतिपय नेपालीहरु आफ्नो जापान बस्ने समय अवधि नसकिँदै नेपाल फर्कने, आत्महत्या गर्ने लगायतका समाचार आउन थालेका छन् । गत दश महिनामा मात्र २५ जना नेपाली युवाहरुले जापानमा आत्महत्या गरेको समाचार छ । यस्ता घटनाहरु नेपाल र जापान दुवैको लागि दुःखद् हुन् र भविष्यमा यस्ता घटनाले नेपाल जापानको मैत्री सम्बन्धमा नै क्षति पुग्न सक्छ । दुवै मुलुकका सरकार, जापानी समुदाय एवं जापान जाने वा त्यहाँ बस्ने नेपालीहरूले यी समस्याहरुलाई समयमै गम्भीरतापूर्वक लिई आपसी समझदारीमा समाधानतर्फ लाग्नुपर्छ । यसको लागि सर्वप्रथम जापान जाने नेपालीहरूसँग कम्तीमा मान्यता प्राप्त जापानी संस्थाले लिने परीक्षामा एनफोर (एन-४) लेभलको जापानी भाषाको ज्ञान हुनु आवश्यक छ । जापानी भाषाको साथै, जापान जाने नेपालीहरूसँग जापानको संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान हुनु अति आवश्यक छ । जापान जाने नेपालीहरू भिसा प्राप्त भएपछि यी कुराहरुमा ध्यान नदिने र सीपसमेत नसिकी जापान जाने हुँदा अहिले त्यस्ता व्यक्तिहरु समस्यामा परेको देखिन्छ । त्यसको लागि जापान जाने नेपालीहरू खासगरी जो कुनै व्यवसाय वा कामको लागि जान्छन्, उनीहरूको लागि गुणस्तरीय अभिमुखीकरण कार्यक्रमको आवश्यकता छ । औपचारिकताको लागि मात्र दिइने अहिलेको अभिमुखीकरण कार्यक्रम प्रभावकारी छैन ।

जापान जानुअघि दिइने अभिमुखीकरण कार्यक्रमको लागि युवा, श्रम तथा रोजगार मन्त्रालय, वैदेशिक रोजगार विभाग, नेपालस्थित जापानी राजदूतावास, जापानस्थित नेपाली राजदूतावास, जाइका, वैदेशिक रोजगार व्यवसायी सङ्घ र नेपाल जापान मैत्री सम्बन्धमा लामो समयदेखि निरन्तर रुपमा कार्यरत सङ्घ/संस्थाहरू बीचमा समन्वय गरी सम्बन्धित सबैको समन्वय र सहमतिमा गुणस्तरीय पाठ्यक्रम तयार गरी त्यसैको आधारमा जापानको विविध विषयमा ज्ञान भएका प्रशिक्षकहरूबाट अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु अति आवश्यक छ । जापानी भाषा अध्ययनको लागि नेपालमा अहिले धेरै भाषा स्कुल छन् । भाषा परीक्षाको लागि समेत जापानकै मान्यता प्राप्त परीक्षा प्रणाली (जेएलपिटी/जेएफटी) भएकाले यो प्रणालीअन्तर्गत कम्तीमा एन-४ लेभलको परीक्षा उत्तीर्ण गरेको र तोकिएको अभिमुखीकरण तालीम लिई प्रमाणपत्र प्राप्त व्यक्तिहरुलाई मात्र जापान पठाउने व्यवस्था गर्दा जापान जाने नेपाली र जापानी समुदाय दुवै लाभान्वित हुन्छन् । यसले जापानी समुदायमा नेपालीप्रतिको धारणा अझै सकारात्मक भई नेपाल जापानबीचको मैत्री सम्बन्ध सुमधुर बनाउनसमेत सहयोग पुग्छ । हाल जापानलाई जापानी भाषा, संस्कृति, दैनिक जीवनयापनलगायतका विषयमा ज्ञान भएका दक्ष युवा जनशक्तिको खाँचो छ ।

नेपाली युवाहरुलाई रोजगारी चाहिएको छ । यस सन्दर्भमा हामीले सङ्ख्यात्मक मात्र नभई गुणात्मक पक्षमा ध्यान दिई नेपालबाट भाषा, संस्कृतिलगायतको ज्ञान भएका र अभिमुखीकरण तालिम लिएका युवाहरु मात्र रोजगारीको लागि जापान पठाउने भरपर्दो र दिगो प्रणालीको विकास गरी त्यही प्रणालीमार्फत नै जापान पठाउनुपर्छ । यसले हालको नेपाल जापानमैत्री सम्बन्ध भोलिका दिनमा थप मजबुत हुँदै जापान जाने नेपाली युवाहरु र जापानी समुदाय दुवैलाई सहयोग पुग्नेछ । यसको लागि समयमै सरोकारवाला सबैको ध्यान जान जरुरी छ ।


### सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौँ

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं,

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार ।

नेपाल सरकार,
विज्ञापन वोर्ड

## चेम्बर र एनआरएनएबीच लगानी र व्यापार प्रवर्द्धन गर्ने साझेदारी

काठमाडौँ । नेपाल चेम्बर अफ कमर्स (एनसीसी) र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए), नेपालबीच देशमा लगानी प्रवर्द्धन, व्यापार तथा व्यवसाय विस्तार र आर्थिक सहकार्य गरेर अघि बढ्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ । एनसीसी अध्यक्ष कमलेश अग्रवाल एनआरएनए अध्यक्ष डा हेमराज शर्माबीच आइतबार काठमाडौँमा आयोजित एक कार्यक्रमबीच समझदारीपत्रमा हस्ताक्षर भएको हो ।

दुवैपक्षबीच भएको समझदारी-पत्रमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्ने, व्यापार, उद्योग तथा उद्यमशीलताको विकासलाई सहजीकरण गर्ने समावेश गरिएको छ । एनसीसीका अध्यक्ष अग्रवालले दुवै पक्षबीच भएको समझदारीले नेपालमा गैरआवासीय नेपालीले प्रत्यक्ष वैदेशिक लगानी भित्राउनको लागि मार्गप्रशस्त गर्ने बताउनुभयो ।

"हामी दुवै पक्षबीच भएको समझदारीले नेपालमा स्वदेशी तथा गैरआवासीय नेपाली व्यावसायिक समुदायउबीच सहकार्य सुदृढ गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेका छौँ", उहाँले भन्नुभयो, "दुवै पक्षबीच ज्ञान हस्तान्तरण, नवप्रवर्तन तथा प्रविधि आदानप्रदान गर्नका लागि मार्गप्रशस्त गर्नेछ ।" एनआरएनएका अध्यक्ष डा शर्माले नेपालका विभिन्न कानुनी जटिलताको कारणले वैदेशिक लगानी भित्राउनको लागि समस्या भइरहेको गुनासो गर्नुभयो । "दुवैबीच भएको समझदारीपत्रले पक्कै पनि व्यापार प्रवर्द्धन र देशमा प्रत्यक्ष लगानी भित्राउनको लागि नीतिगत रूपमा सहज वातावरण बनाउन आवश्यक छ ।"

दुवैपक्षबीच भएको समझदारीमा एनसीसी र एनआरएनएले संयुक्त रूपमा लगानी सम्मेलन, रोड-शो, व्यापारिक शिखर सम्मेलन तथा व्यावसायिक कार्यक्रम आयोजना गर्नेछन् । त्यस्ता कार्यक्रममार्फत विदेशी तथा गैरआवासीय नेपाली लगानीकर्ता र नेपालका स्थानीय व्यवसायीबीच प्रत्यक्ष सम्पर्क तथा व्यावसायिक साझेदारीको अवसर सिर्जना गरिनेछ ।

त्यसैगरी निर्यातमुखी उद्योगको प्रवर्द्धन, साना तथा मझौला उद्यम (एसएमई) र स्टार्टअपलाई सहयोग तथा संयुक्त पहल सञ्चालन गर्ने विषयमा पनि सहकार्य गर्ने उल्लेख गरिएको छ ।

क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला तथा सेमिनार आयोजना गर्नुका साथै दुवै पक्षले आफ्नो अनुभव, विशेषज्ञता र उत्कृष्ट अभ्यास आदानप्रदान गर्ने सहमति गरेका छन् । व्यावसायिक वातावरण सुधारका लागि आवश्यक नीतिगत सुधारको सिफारिस गर्ने तथा सरकार र सम्बन्धित सरोकारवालासँग संवाद र समन्वय गर्न पनि दुवै संस्थाले सहकार्य गर्ने समझदारीपत्रमा उल्लेख गरिएको छ ।

अध्यक्ष अग्रवालले आर्थिक नीति र कानुनी संरचनामा स्थिरता तथा स्पष्टता नभएसम्म स्वदेशी र विदेशी लगानीकर्ता पूर्ण भित्राउन नसकिने बताउनुभयो ।

"आजको समझदारीपत्र केवल कागजमा सीमित हुनु हुँदैन," उहाँले भन्नुभयो, "यसलाई व्यवहारमा उतार्दै लगानी, व्यापार, रोजगारी र आर्थिक रूपान्तरणका क्षेत्रमा ठोस परिणाम दिनुपर्छ ।"

अध्यक्ष शर्माले विश्वभर छरिएर रहेका नेपालीको सीप, ज्ञान, अनुभव र पूँजीलाई नेपालको विकाससँग जोड्ने अभियानलाई प्राथमिकताका साथ अघि बढाइने बताउनुभयो ।

उहाँले लएनआरएनए केवल विदेशमा बस्नेको संस्था मात्र नभई विश्वका विभिन्न मुलुकमा रहेका नेपालीलाई एकीकृत गर्दै नेपालको आर्थिक, सामाजिक तथा लगानी विकासमा योगदान पुर्याउने साझा मञ्चको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिनुभयो ।

## पर्यटन प्रवर्द्धनका लागि नाट्टा र टिवानबीच सहकार्य गरिने

काठमाडौँ । नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) र टुरिष्ट बस एसोसिएसन अफ नेपाल (टिवान)बीच सहकार्य हुने भएको छ ।

टिवानले आइतबार आयोजना गरेको 'नाट्टाको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना' प्रदान कार्यक्रममा नाट्टाका नवनिर्वाचित अध्यक्ष भरतजङ्ग पाण्डेले पर्यटन क्षेत्रको विकास र साझा समस्या समाधानका लागि सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

उहाँले टिवान नाट्टाको एक अभिन्न अङ्ग भएकाले टिवान र नाट्टाको समस्या एउटै भएको बताउनुभयो । "टिवान छुट्टै संस्था नभई हाम्रो आफ्नै परिवार हो । पर्यटन क्षेत्रका हरेक एजेन्डामा हामी एक भएर अगाडि बढ्नेछौँ," उहाँले भन्नुभयो ।

टिवानका संस्थापक अध्यक्ष श्रीकान्त आचार्यले पर्यटक बस र पर्यटन उद्योगमा धेरै समस्या भएकाले यस समस्या समाधानमा वर्तमान कार्यसमिति लाग्ने विश्वास व्यक्त गर्नुभयो । नाट्टाका महासचिव राजकुमार देवकोटाले पर्यटक बसपार्कको समस्या टिवानको समस्यामात्र नभएर सारा पर्यटन क्षेत्रको समस्या भएकाले यसको समाधानका लागि नाट्टाले प्रतिबद्ध भएर काम गर्ने बताउनुभयो ।

टिवानका अध्यक्ष भीष्मप्रसाद न्यौपानेले पर्यटक बसपार्क नहुँदा पर्यटक बस व्यवसायीले ठूलो समस्या भोग्नुपरेको भन्दै यसको समाधानका लागि नाट्टासँग सहकार्य गरिने बताउनुभयो । पर्यटक बस व्यवसायीको हकहितको अधिकारको रक्षाका लागि स्थापना भएको टिवानले हाल अस्थायी बसपार्कको रूपमा सोह्रखुट्टे सडक प्रयोग गर्दै आइरहेको छ ।

टिवानले हाल दैनिक १०० पर्यटकीय बसमार्फत नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखरा, चितवनको सौराह, लुम्बिनी, जनकपुरलगायत क्षेत्रमा सेवा प्रदान गर्दै आइरहेको टिवानका महासचिव प्रकाशचन्द्र अधिकारीले जानकारी दिनुभयो ।

## लागुऔषधसहित १६ जना पक्राउ

काठमाडौँ । नियमित गस्तीमा रहेको प्रहरी टोलीले देशका विभिन्न भागबाट लागुऔषध सहित १६ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काठमाडौँ, मोरङ, झापा, धनुषा, पर्सा, कञ्चनपुर, नवलपरासी पश्चिम र बाँकेबाट उनीहरूलाई विभिन्न प्रकारका लागुऔषध सहित पक्राउ गरिएको हो ।

काठमाडौँ महानगरपालिका-६ कपन तेन्जिङचोकबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब एक ग्रामसहित ३७ वर्षीय विनयकुमार मण्डल, ३८ वर्षीय मनिष शाही र ३८ वर्षीय प्रदीपकुमार राई पक्राउ परेका छन् ।

मोरङको कानेपोखरी गाउँपालिका-७ बाट ब्राउनसुगर जस्तो देखिने पदार्थ तीन ग्राम २० मिलिग्रामसहित ३१ वर्षीय विवेक राई तथा झापाको बिर्तामोड नगरपालिका-८ सुनौलो बस्तीबाट सोही प्रकृतिको पदार्थ एक सय ३० मिलिग्रामसहित ३० वर्षीय विवेक लिम्बू पक्राउ परेका छन् । झापा गाउँपालिका-४ चर्तागाछीबाट भने पाँच ग्राम दुई सय १० मिलिग्रामसहित १७ वर्षीय किशोर पक्राउ परेका छन् ।

यसैगरी, बिर्तामोड नगरपालिका-३ पुरानो भद्रपुर रोडबाट ब्राउनसुगर जस्तो देखिने पदार्थ एक ग्राम तीन सय ८० मिलिग्रामसहित २३ वर्षीय अर्जुन राजवंशी तथा झापा गाउँपालिका-४ टाघनडुब्बा स्कुलटोलबाट एक ग्राम आठ मिलिग्राम सहित २८ वर्षीय प्रभाष बास्के र २६ वर्षीय फिलिप मर्डी पक्राउ परेका छन् । धनुषाको शहीदनगर नगरपालिका-३ बाट खैरो हेरोइन जस्तो देखिने पदार्थ २२ ग्राम पाँच सय ८० मिलिग्रामसहित १९ वर्षीय राजन यादव र २६ वर्षीय बब्लु पासवान भन्ने रामबालक पासवान पक्राउ परेका छन् ।

पर्साको पोखरिया नगरपालिका-५ सतबरियाबाट गाँजा जस्तो देखिने पदार्थ करिब पाँच सय ग्रामसहित ६५ वर्षीय रामदयाल महरा तथा कञ्चनपुरको भीमदत्त नगरपालिका-४ बाट खैरो हेरोइन जस्तो देखिने पदार्थ एक ग्राम आठ सय ४० मिलिग्रामसहित २४ वर्षीय जनक खड्का पक्राउ परेका छन् । नवलपरासी पश्चिमको पाल्हीनन्दन गाउँपालिका-५ चमनटोलाबाट चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने स्पास्मो एक सय ट्याब्लेट, डाइजेपाम २१ एम्पुल, फेनारगन २२ एम्पुल र बुप्रेनोर्फिन २२ एम्पुलसहित २८ वर्षीय सुनिल विक र ३१ वर्षीय दिपेश विक पक्राउ परेका छन् ।

बाँकेको डुडुवा गाउँपालिका-२ बाट ब्राउनसुगर जस्तो देखिने पदार्थ नौ सय मिलिग्रामसहित २४ वर्षीय ओसिस खाँ पक्राउ परेका छन् ।

## आपराधिक घटना प्रहरीको इन्स्टिच्युसनल मेमोरीमा छ : प्रहरी महानिरीक्षक

काठमाडौँ । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजमा घटेका आपराधिक घटना प्रहरी सङ्गठनको 'इन्स्टिच्युसनल मेमोरी' मा रहेकाले त्यस्ता घटनामा संलग्न अपराधीलाई जुनसुकै बेला पनि कारबाहीको दायरामा ल्याइने बताउनुभएको छ ।

उहाँले दशकौँपछि पनि त्यस्ता घटनामा संलग्नलाई पक्राउ गरी कानुनी कारबाही गर्दै आएको स्पष्ट पार्नुभयो । राष्ट्रिय समाचार समिति (रासस)सँग कुराकानीमा प्रहरी महानिरीक्षक कार्कीले लामो इतिहास बोकेको प्रहरी सङ्गठनले त्यस्ता घटनालाई नबिर्सने बताउनुभयो ।

"व्यक्तिका स्मरण छोटो समयमा समाप्त हुन्छन् । तर प्रहरी व्यक्तिको न्यायका लागि अनवरत रूपमा लडिरहने संस्था हो । यो संस्थाले त्यस्ता घटनाहरू बिर्सन्न", उहाँले भन्नुभयो । यद्यपि, त्यस्ता मुद्दामा चाहेजस्तो सफलता प्राप्त नभइरहेको महानिरीक्षक कार्कीको स्वीकारोक्ति थियो ।

"ती पुराना घटनाको अध्ययन र निरन्तरको अनुसन्धानबाट घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउने कार्य प्रहरी सङ्गठनले गर्दै आएको छ", उहाँले भन्नुभयो । पुराना चर्चित घटनालाई विशेष टोली गठन गरेर अनुसन्धान गरिरहेको जानकारी दिँदै उहाँले त्यसबाट केही-केही घटनामा राम्रो सफलता मिलेको सुनाउनुभयो । प्रहरी महानिरीक्षक कार्कीले केन्द्रीय अनुसन्धान ब्यूरोमार्फत पुराना जघन्य प्रकृतिका अपराधको अनुसन्धान चलिरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नयाँ र पुराना मुद्दालाई सँगसँगै अनुसन्धान गर्दै लगिरहेका छौँ ।"

विश्वव्यापीरूपमा बदलिँदो समाज, प्रविधि र कार्यशैलीले सुरक्षा चुनौती थपिरहेको विश्लेषण गर्दै महानिरीक्षक कार्कीले परम्परागत अनुसन्धान पद्धतिले मात्र आधुनिकताको सम्बोधन गर्न नसक्ने बताउनुभयो । "प्रहरी कर्मचारीलाई स्वचालित र उत्प्रेरित गर्न पछिल्लो समय कार्यसम्पादन सूचक तयार गरेका छौँ", उहाँले भन्नुभयो, "यो पूर्वानुमानयोग्य छ । कामका आधारमा मूल्याङ्कन हुन्छ, जसले व्यक्तिलाई सुधार्ने मौका पाउँछ ।" महानिरीक्षक कार्कीले प्रहरी सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको उल्लेख गर्दै त्यसबाट नागरिकलाई प्रहरी कार्यालयसम्म पुग्नु नपर्ने अवस्था सुनिश्चित गरेको बताउनुभयो । "उहाँहरू घरबाटै पनि आफ्ना आवेदन तथा निवेदन दिन र त्यसबारे बुझ्न सहज हुने गरी प्रणालीको विकास गरिएको छ", उहाँले भन्नुभयो, "नेपाल पुलिस एपमार्फत धेरै सेवा लिन सकिने छ ।"

पछिल्लो समय प्रविधिजन्य र आर्थिक अपराधका घटना वृद्धि हुँदै गइरहेको जनाउँदै उहाँले ती घटनाका अनुसन्धान गर्न सोहीअनुसार जनशक्ति भर्ना र परिचालनको आवश्यकता महसुस गरिएको बताउनुभयो । उहाँले विशिष्टीकृत अनुसन्धान इकाई गठन गरिएको पनि जानकारी दिनुभयो ।

महानिरीक्षक कार्कीले अपराधको विश्वव्यापी सञ्जाललाई निस्तेज पार्न विभिन्न देशका प्रहरी सङ्गठन र इन्टरपोलको माध्यमबाट अन्य मुलुकका विशिष्टीकृत, विकसित र लोकप्रिय अनुसन्धानमूलक इकाइसँग आवश्यक समन्वय गरिएको जनाउनुभयो । "नेपाल प्रहरीले आधुनिक 'पुलिसिङ 'का स्ट्यान्डर्डलाई अवलम्बन गर्दै अन्य मुलुकका विशिष्ट प्रहरी सङ्गठनका सदस्यसँग समन्वय गरिरहेको छ", महानिरीक्षक कार्कीले भन्नुभयो । उहाँले प्रविधिको प्रयोगबाट भएका आपराधिक क्रियाकलाप रोक्न प्रहरी सङ्गठन सक्षम हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल प्रहरी आमनागरिकको सबैभन्दा नजिक रहेर राज्यको प्रतिनिधित्व गर्ने सङ्गठन भएको उल्लेख गर्दै महानिरीक्षक कार्कीले समाजमा शान्ति, सुव्यवस्था र अमनयन कायम गरी नागरिकका जीउधनको रक्षाका लागि सबै तह र तप्काको सहयोगको अपेक्षा गर्नुभयो । "प्रहरीलाई प्राप्त जिम्मेवारीमा सफलता हासिल गर्न आमनागरिकको सहयोगको अपेक्षा सदैव छ", उहाँले भन्नुभयो, "आपराधिक प्रवृत्ति भएका मान्छेका बारेमा प्रहरीलाई सूचना दिएर सहयोग गर्न आग्रह गर्दछु ।"

## ध्वनि प्रदूषणले श्रवण क्षमता कमजोर हुन्छ

बाँके । लामो समयसम्म मोबाइलमा गरिने कुराकानीले ध्वनि प्रदूषण हुँदा श्रवण क्षमता कमजोर हुने गरेको पाइएको छ । अहिले दैनिक करिब १५० देखि २०० हाराहारीमा भेरी अस्पतालमा विभिन्न प्रकारका कानको समस्या लिएर बिरामी आउन थालेको भेरी अस्पताल, नेपालगञ्जका नाक, कान, घाँटी एवं टाउको रोगका विभागीय प्रमुख दिनेशकुमार चौधरीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मोबाइलमा लामो समय कुरा हुँदा त्यसको असर कानको जालीमा पर्ने भएकाले श्रवण शक्ति कमजोर हुनुका साथै कान पाक्नेलगायत समस्या देखिन्छ । डा चौधरीले भन्नुभयो, "लामो समय कुरा गर्नका लागि मोबाइललाई कानभन्दा टाढा राखेर गर्नुपर्छ, नत्र त्यसले ठूलो समस्या निम्त्याउन सक्छ ।"

डा चौधरीले पछिल्लो समय नाक, कान र घाँटीमा एलर्जीका ठूला समस्या भएका बिरामी उपचारका लागि आइरहेका छन् । उहाँले चिसोको अधिक प्रयोग नगर्न सुझाव दिनुभयो । "जुन बिरामीको रोग प्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यही बिरामीलाई चिसोले बढी सताउँछ र त्यस्तो बिरामीले हाछिउँ गर्दा नाक र कानलाई दबाब पर्छ त्यसले पनि नाक कान रोगका बिरामी बढ्न सक्छन्," उहाँले भन्नुभयो । डा चौधरीले सामाजिक तथा आर्थिक रूपले पछाडि पारिएका समुदाय सबैभन्दा बढी प्रभावित उल्लेख गर्नुभयो । नाक र कानका लागि वातावरणीय प्रदूषणसँगै चिसो पेय पदार्थको सेवनले देखिने एलर्जीका बिरामी पनि अस्पतालमा आउने गरेको बताउनुभयो । उपचारका लागि अस्पताल पुग्न नसकेका विपन्न समुदायका स्थानीयका लागि खजुरा गाउँपालिकाको शनिबार आयोजनामा सञ्चालन गरिएको शिविरमा गाउँका विभिन्न क्षेत्रबाट आएका ५३२ जनाको कान परीक्षण गरिएको छ । परीक्षणका क्रममा ७५ जनामा कान पाक्ने, ६१ जनामा कानेगुजी जम्ने, ३३ जनामा कानमा ढुसी देखिने र १८ जनामा कानमा मेसिन लगाउने समस्या पाइएको स्वास्थ्यकर्मी भीषण थारुले जानकारी दिनुभयो ।

## नेपाल-भारत सीमा सुरक्षामा संयुक्त गस्ती र सूचना आदानप्रदान बढाइने



काठमाडौँ । नेपाल र भारतका चार जिल्लाका सुरक्षा अधिकारीले सीमा सुरक्षालाई अझ प्रभावकारी बनाउन संयुक्त गस्तीको क्षेत्र विस्तार गर्नुका साथै सीमा अपराधसम्बन्धी सूचना नियमितरूपमा आदानप्रदान गर्न सहमति जनाएका छन् ।

महोत्तरीको सदरमुकाम जलेश्वरमा शनिबार सम्पन्न नेपाल-भारत सुरक्षा अधिकारीको समन्वयात्मक बैठकमा हातहतियार तथा लागुऔषध ओसारपसार, मानव तस्करीलगायत सीमा अपराध नियन्त्रण एवं रोकथाम, सीमा स्तम्भको सुरक्षा तथा मर्मतसम्भारबारे छलफल भएको महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी सञ्जयकुमार पोखरेलले संचारकर्मीहरुलाई जानकारी दिनुभयो ।

दुवै देशका सुरक्षाकर्मीले गर्दै आएको संयुक्त गस्तीलाई विस्तारका साथै सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रणका लागि घटनासम्बन्धी सूचना एकअर्कासँग साझा गर्ने विषयमा सहमति भएको उहाँले जानकारी दिनुभयो । बैठक पारस्परिक समन्वय र सहकार्यमा बैठक केन्द्रित रहेको उहाँको कथन छ ।

बैठकमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, सर्लाहीका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर, सीतामढीका जिल्ला मजिस्ट्रेट तनय सुलतानिया र सीतामढीका प्रहरी उपरीक्षक अमित रञ्जनसहित सुरक्षा अधिकारीको सहभागी हुनुहुन्थ्यो ।

## शिक्षा विधेयक सरकारको पहिलो प्राथमिकतामाः शिक्षामन्त्री पोखरेल

काठमाडौँ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षा विधेयकलाई सरकारले पहिलो प्राथमिकतामा राखी काम गरिरहेको बताउनुभएको छ ।

मन्त्रालयले आइतबार यहाँ आयोजना गरेको विद्यालय शिक्षा विधेयकका विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँगको परामर्श गोष्ठीमा उहाँले शिक्षा ऐन निर्माण प्रक्रिया पारदर्शी र सहभागितामूलक बनाइने बताउनुभयो । मन्त्री पोखरेलले विद्यार्थीमैत्री शिक्षा विधेयक निर्माणका क्रममा सरोकार भएका निकायका प्रतिनिधिका सुझावलाई औपचारिक छलफलमा मात्र सीमित नराखी ऐन तथा नियममा समेटिने प्रतिबद्धता व्यक्त गर्नुभयो । सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट बाँडफाँट तथा प्रभावकारी समन्वय आवश्यक रहेको उहाँको भनाइ छ । उहाँले शिक्षामा कुल बजेटको कम्तीमा २० प्रतिशत लगानी हुनुपर्नेमा जोड दिँदै विश्वव्यापी अभ्यास भए पनि नेपालमा शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन नसकेको बताउनुभयो । शिक्षा बजेटको करिब ७० प्रतिशत स्थानीय तहमा अनुदानका रूपमा जाने भएकाले शिक्षा सुधार तथा शिक्षक-कर्मचारीको सुविधामा स्थानीय तहको भूमिका महत्वपूर्ण हुने मन्त्री पोखरेलले उल्लेख गर्नुभयो । प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिकबारे स्पष्ट पार्दैउहाँले सङ्घीय सरकारले उपलब्ध गराउने रकम सशर्त अनुदान मात्र भएको जानकारी दिनुभयो ।

मन्त्री पोखरेलले स्थानीय तहले आफ्नो स्रोत परिचालन गरी कर्मचारीको पारिश्रमिक वृद्धि गर्नसक्ने उदाहरणका रूपमा काठमाडौँ महानगरपालिकाको अभ्यास प्रस्तुत गर्नुभयो । शिक्षा प्रणालीका कमजोरीलाई विद्यार्थी, शिक्षक, अभिभावक र सरकारले स्वीकार गरी सामूहिक रूपमा सुधारका लागि अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । विसं २०२८ पछि पहिलोपटक नयाँ ऊर्जाका साथ विद्यालय शिक्षा ऐन निर्माण प्रक्रिया अघि बढेको उल्लेख गर्दै उहाँले प्रस्तावित ऐनलाई दीर्घकालीन र प्रभावकारी दस्तावेज बनाइने बताउनुभयो । कार्यक्रममा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले सातै प्रदेशमा सञ्चालन गरिएको 'शिक्षा संवाद'बाट प्राप्त सुझाव तथा निष्कर्ष प्रस्तुत गर्नुभयो । उहाँले सङ्घीय संसद्को हिउँदे अधिवेशनअघि सबैको सहमतिमा विद्यालय शिक्षा ऐन ल्याउने विश्वास व्यक्त गर्नुभयो । शिक्षा मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले सातै प्रदेशबाट प्राप्त सुझावलाई विधेयकमा समेटिने बताउँदै नयाँ शिक्षा ऐन विद्यार्थी र शिक्षकमैत्री हुने उल्लेख गर्नुभयो । शिक्षाविद् विद्यानाथ कोइरालाले शिक्षकको दर्ता, स्थायी नियुक्ति, बढुवा तथा विद्यालय संरचनालगायत विषय विधेयकमा स्पष्ट हुनुपर्ने बताउनुभयो । विद्यार्थी र शिक्षकलाई प्रविधिसँग जोड्ने व्यवस्था ऐनमा समेटिनुपर्ने उहाँको धारणा छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष काशीनाथ दङ्गाल र प्याब्सन अध्यक्ष कृष्ण अधिकारीले पनि शिक्षा विधेयकलाई विद्यार्थी तथा शिक्षकमैत्री बनाउनुपर्नेमा जोड दिनुभयो । मन्त्रालयले विद्यालय शिक्षा विधेयकको मस्यौदा तयार गर्नुअघि सातै प्रदेशमा आयोजना गरिएका 'शिक्षा संवाद'बाट प्राप्त सुझाव तथा निष्कर्षको समीक्षा गरेको हो ।

विराटनगरबाट सुरु भएको संवाद सुदूरपश्चिमको धनगढीसम्म पुगेर सम्पन्न भएको थियो । संवादमा शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन, स्थानीय तहका प्रतिनिधि, शिक्षाविद् तथा शिक्षा क्षेत्रका अन्य सरोकारवालासँग विद्यालय शिक्षाका समस्या, चुनौती र सुधारका विषयमा छलफल गरिएको थियो ।

## जापानिज इन्सेफलाइटिसको जोखिम बढ्दो, सतर्क रहन अनुरोध

काठमाडौँ । लामखुट्टेको टोकाइबाट सर्ने जापानिज इन्सेफलाइटिस(जेइ) रोगको सङ्क्रमण तथा मृत्यु हुनेको सङ्ख्या बढिरहेकाले यसको जोखिमप्रति सतर्क र सुरक्षित रहन परिवार कल्याण महाशाखाले सबैमा अनुरोध गरेको छ ।

स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाको पछिल्लो प्रतिवेदनअनुसार देशका २५ जिल्लाका ५९ स्थानीय तहमा ८० जना प्रयोगशालामा पुष्टि भएका जापानिज इन्सेफलाइटिसका बिरामी देखिएका छन् ।

आइतबार एक विज्ञप्ति जारी गर्दै महाशाखाले पुष्टि भएका बिरामीमध्ये ८६ प्रतिशतले जापानिज इन्सेफलाइटिस रोगविरुद्धको 'जेइ खोप' नलगाएका जनाएको छ । यसैगरी, हालसम्म सङ्क्रमितमध्ये २१ जनाको मृत्यु भइसकेको छ । मृतक सबैले जेइ खोप नलगाएका पाइएको छ ।

जेइका 'केस' (बिरामीको अवस्था) हालसम्म सबैभन्दा बढी झापामा १०, कैलाली र मोरडमा सात/सात, सप्तरी र कञ्चनपुरमा छ/छ तथा चितवन, सुनसरी र नवलपरासीपूर्वमा पाँच/पाँच रहेका छन् । मुख्यतः तराई तथा भित्री मधेसका जिल्लामा केन्द्रित भए पनि इलाम, काभ्रेपलाञ्चोक, काठमाडौँ, सिन्धुली, सुर्खेतलगायत पहाडी जिल्लामा जेइ पुष्टि भएको प्रतिवेदनले जनाएको छ । जापानिज इन्सेफलाइटिस मुख्यतः सङ्क्रमित क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट सर्दछ । धेरै बिरामी धानखेत तथा सुँगुरपालन गरिने क्षेत्रमा बसोबास गर्नेमा यसको सङ्क्रमण देखिएको स्वास्थ्य सेवा विभागले जनाएको छ । सङ्क्रमित जनावर जस्तै सुँगुर, बङ्गुर, हाँसलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा मानिसमा भाइरस सर्न सक्छ । जेइको सङ्क्रमण भएका प्रत्येक तीन जनामध्ये एक जनाको मृत्यु हुने र एक जना दीर्घकालीन अपाङ्गता वा स्नायुसम्बन्धी समस्यासहित बाँच्नुपर्ने तथ्याङ्क छ ।

साथै उच्च ज्वरो, टाउको दुख्ने, बेहोस हुने, झट्का आउने वा चेतनामा परिवर्तनजस्ता लक्षण देखिएमा घरेलु उपचारमा समय खेर नफाली उपचारका लागि तत्काल नजिकैको स्वास्थ्य संस्था लैजानसमेत महाशाखाले अनुरोध गरेको छ । पछिल्लो तथ्याङ्कअनुसार ८० जनामा पुष्टि भएकामध्ये ५१ अर्थात् ६४ प्रतिशत १५ वर्षभन्दा माथिका छन् । जेइका कारण भएका मृत्युमा ५० वर्षभन्दा माथिका व्यक्तिको हिस्सा ८१ प्रतिशत रहेको छ । यस वर्ष हालसम्म पुष्टि भएका ८० बिरामीमा पुरुष ४३ र महिला ३७ जना छन् ।

जापानिज इन्सेफलाइटिसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै रोगबाट सुरक्षित हुने यो प्रभावकारी उपचार भएको विभागको भनाइ छ । यो रोगबाट सुरक्षित हुन जेइ खोप लगाउनुका साथै लामखुट्टेको टोकाइबाट बच्नुपर्ने विभागले जनाएको छ । सरकारले जेइ खोप १२ महिनाको उमेरका बाल-बालिकालाई लगाउने गर्दछ ।

यदि छुटेको भएमा पाँच वर्षको उमेरसम्मका बालबालिका लाई जेइ खोप लगाइन्छ । परिवार कल्याण महाशाखा अन्तर्गतको बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख डा अभियान गौतमले यो रोगबाट बच्न खोप अनिवार्य रहेको बताउँदै छुटेकालाई थीघ्र खोप लगाउन आग्रह गर्नुभयो ।

## सगरमाथा आरोहणसम्बन्धी वृत्तचित्र रोड टु एभरेस्टको विशेष प्रदर्शन

काठमाडौँ । सगरमाथा यात्राको साहस, सङ्घर्ष, सपना र बदलिँदो हिमाली वातावरणको कथा प्रस्तुत गर्ने नेपाली वृत्तचित्र 'रोड टु एभरेस्ट'को नेपाल प्रिमियर शो (विशेष प्रदर्शन) गरिएको छ ।

ठमेलस्थित छाया सेन्टरको क्युएफएक्स हलमा शनिबार आयोजना गरिएको प्रिमियर शोमा नेपालका विभिन्न क्षेत्रका विशिष्ट व्यक्तित्व, सञ्चारकर्मी, शिक्षाविद्, पर्यटन तथा पर्वतारोहण क्षेत्रका प्रतिनिधि, कलाकार तथा दर्शकको उपस्थिति थियो ।

वृत्तचित्रका तीन वटा विशेष शो आयोजना गरिएकामा एउटा काठमाडौँका विभिन्न विद्यालय तथा क्याम्पसका सञ्चालक, प्रधानाध्यापक तथा शैक्षिक क्षेत्रका प्रतिनिधिका लागि विशेष रूपमा छुट्याइएको वृत्तचित्र निर्देशक निर्मल श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार कुनै पनि कृत्रिम वा कम्प्युटर सिर्जित दृश्य प्रयोग नगरिएको ५० मिनेट लामो यस वृत्तचित्रले समुद्री सतहबाट विश्वको सर्वोच्च शिखरसम्मको यात्रालाई केन्द्रमा राखेको छ । पर्वतारोहणका चुनौती, शेर्पा समुदायको योगदान र जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारिरहेको गम्भीर प्रभावलाई पनि यसले उजागर गरेको उहाँले बताउनुभयो । पचास वर्ष नाघेका राज गुरुङको सगरमाथा आरोहण यात्रालाई मुख्य कथावस्तु बनाएको यो चलचित्रले उमेर र सीमालाई चुनौती दिँदै सगरमाथा चढ्ने उहाँको सपना, सङ्घर्ष, आत्मविश्वास र सङ्कल्पलाई प्रस्तुत गरेको उहाँले जानकारी दिनुभयो । वृत्तचित्रमा कीर्तिमानी आरोही फुर्वा तेन्जिङ शेर्पा र निमा ग्याल्जेन शेर्पासहित विनोद गुरुङ, सुरज गुरुङ र निर्मल श्रेष्ठको प्रत्यक्ष सहभागिता रहेको निर्देशक श्रेष्ठले जानकारी दिनुभयो । वृत्तचित्रको लेखन सञ्चारकर्मी सन्तोष आचार्य र निर्देशक श्रेष्ठले गर्नुभएको हो । यो नेपाली साहस, सपना, सङ्घर्ष, पहिचान र भविष्यसँग जोडिएको हाम्रो गौरव हो । सगरमाथासम्बन्धी हाम्रो कथा सधैँ अरूमार्फत सुनिँदै आइएको थियो । अब हाम्रो हिमालको कथा हामी आफैँले भन्नुपर्छ भन्ने मान्यता पनि यो वृत्तचित्रले बोकेको छ ।"

यसैगरी, निर्माता संस्था' विविल राइज फाउण्डेसन'का अध्यक्ष तुलसी गुरुङले सगरमाथा विश्वले चिनिसकेको विषय भए पनि यसको वास्तविक अर्थ र महत्त्वलाई नितान्त नेपाली दृष्टिकोणबाट विश्वसामु बुझाउने उद्देश्यले 'रोड टु एभरेस्ट' निर्माण गरिएको स्पष्ट पार्नुभयो ।

## वैदेशिक रोजगारीबाट फर्केका युवा सुकुटी व्यवसायमा आकर्षित

मोरड । कुनै समय रोजगारीका लागि कतार र मलेसियामा पसिना बगाएका लक्ष्मीमार्गका युवाले अहिले आफ्नै गाउँमा व्यावसायिक सफलता पाइरहनुभएको छ । वैदेशिक रोजगारीको लोभलाग्दो कमाइ छाडेर स्वदेश फर्किएका उहाँहरूले सुरु गरेको राँगाको सुकुटी व्यवसायले अहिले लक्ष्मीमार्गको पहिचान नै बदलेर 'सुकुटी बजार' बनाइदिएको छ ।



कतारमा छ वर्ष बिताएर फर्केका प्रेम श्रेष्ठ र मलेसियामा आठ वर्ष श्रम गरेका दिलीप श्रेष्ठ यस्तै उदाहरण हुन् । सुरुआती दिनमा महिनामा २०-३० किलो सुकुटी बेच्न धौ-धौ हुने प्रेमको पसलबाट अहिले मासिक सयौँ किलो सुकुटी बिक्री हुन्छ । प्रतिकिलो रु दुई हजार ७०० मा बिक्री हुने सुकुटीबाट उहाँले मासिक रु दुई लाखसम्म आम्दानी गरिरहेको प्रेमले बताउनुभयो । राँगाको आलो मासु बेलबारी, हरैचालगायत स्थानीय बजारमा प्रतिकिलो रु ७०० मा किनेर सुकुटी बनाउने गरेको उहाँले बताउनुभयो । प्रेमका अनुसार आलो मासुको बढीमा एक चौथाइसम्म सुकुटी बन्नेगरेको बताउनुहुन्छ ।

प्रेम र दिलीप मात्र होइन, अरु युवा पनि यस व्यवसायमा लागिरेका छन् । "विदेशको कडा मेहनत र परिवारबाट टाढा हुनुको पीडाभन्दा आफ्नै घरमा परिवारसँगै बसेर गरेको यो व्यवसायले धेरै सन्तुष्टि दिएको छ", वैदेशिक रोजगारीबाट फर्केर ११ वर्षदेखि यही पेसामा जमेका शोभितमान श्रेष्ठ बताउनुहुन्छ ।

पूर्वी-पश्चिम राजमार्ग भएर यात्रा गर्ने यात्रुहरूका लागि लक्ष्मीमार्ग अहिले सुकुटीको स्वाद लिने मुख्य थलो बनेको विराटनगर निवासी सेन्जम फुयाल बताउनुहुन्छ । स्वदेशी बजारमा मात्र होइन, यहाँको सुकुटीको माग अहिले बेलायत र अमेरिकामा रहेका नेपालीसम्म पुगेको सुकुटी व्यवसायी दिलीप श्रेष्ठले बताउनुभयो । कोसेलीका रूपमा अन्तरराष्ट्रिय बजारबाट उच्च माग आए पनि परम्परागत निर्माण शैली र जनशक्तिको अभावका कारण मागअनुसार पुर्याउन धौ-धौ परिरहेको व्यवसायीहरू बताउनुहुन्छ ।

विदेशमा बगाउने पसिना र समय आफ्नै माटोमा खन्याउने हो भने स्थानीय परिकारलाई पनि सफल व्यवसाय र अन्तरराष्ट्रिय ब्राण्ड बनाउन सकिन्छ भन्ने विश्वास रहेको प्रेम श्रेष्ठले बताउनुभयो ।

## मुख्यमन्त्री थापाका पक्षमा मतदान नगर्न ह्विप

काठमाडौँ । नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलले मुख्यमन्त्री किरण थापाका पक्षमा मतदान नगर्न ह्विप जारी गरेको छ ।

मुख्यमन्त्री थापाले सोमबार प्रदेशसभामा प्रस्तुत गर्ने विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मतदान गर्न नेपाली कांग्रेसले आफ्ना सांसदलाई ह्विप जारी गरेको हो ।

कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक पुकार महर्जनले जारी गरेको ह्विपमा प्रदेशसभाको बैठकमा अनिवार्य उपस्थित हुन, तटस्थ नरहन र मुख्यमन्त्री थापाले प्रस्तुत गर्ने विश्वासको मतसम्बन्धी प्रस्तावको विपक्षमा मतदान गर्न प्रदेशसभा सदस्यलाई निर्देशन दिइएको छ । नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा बागमती प्रदेशसभा नियमावली, २०७४ को नियम १४३ बमोजिम मुख्यमन्त्री थापाले प्रदेशसभामा विश्वासको मतसम्बन्धी प्रस्ताव पेस गर्ने कार्यसूची रहेकाले कांग्रेसले आफ्ना सदस्यलाई सोहीअनुसार मतदान गर्न ह्विप जारी गरेको हो ।

## नेपालगञ्ज उद्योग वाणिज्य संघमा ओली निर्वाचित

बाँके । बाँकेको नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको निर्वाचनबाट नयाँ नेतृत्व चयन भएको छ । अध्यक्ष पदमा चिरञ्जीवी ओली फराकिलो मतसहित विजयी हुनुभएको छ । आइतबार सार्वजनिक भएको मतपरिणाम अनुसार ओली एक हजार ३८६ मतसहित विजयी हुनुभएको हो । अध्यक्ष पदका प्रतिद्वन्द्वी ध्रुवप्रसाद दाहालले ३७४ मत प्राप्त गर्नुभयो । यसअघि ओली सङ्घमा वरिष्ठ उपाध्यक्ष हुनुहुन्थ्यो ।

महिला उपाध्यक्षमा रूपा ओझा एक हजार १६६ मतसहित विजयी हुनुभयो । उहाँको निकटतम प्रतिद्वन्द्वी उमा ग्याण्डनले ५०३ मत प्राप्त गर्नुभयो । निर्वाचनको अन्तिम नतिजाअनुसार महासचिव पदमा विष्णु श्रेष्ठ एक हजार २८७ मतसहित विजयी हुँदा सोही पदका अर्का उम्मेदवार दीपेन्द्रकुमार जोशीले ४०८ मत प्राप्त गर्नुभयो । उपमहासचिव पदमा प्रदीप आचार्य विजयी हुनुभएको छ । उहाँले ८६४ मत प्राप्त गर्दा उहाँका प्रतिद्वन्द्वी शिवप्रसाद दाहालले ८४२ मत प्राप्त गर्नुभयो । त्यसैगरी कोषाध्यक्ष पदमा टीकामणि उपाध्याय ९१७ मतका साथ विजयी हुँदा उहाँका निकटतम प्रतिद्वन्द्वी सूर्य श्रेष्ठले ५९८ र नारायण प्रसाईंले १८३ मत प्राप्त गरेका गर्नुभयो । दश जना कार्यसमिति सदस्य पदका लागि भएको निर्वाचनमा सन्तोष कुमार पौडेल, तोपबहादुर थापा नन्दराम जैसी शरदराज अधिकारी, नगेन्द्र शाही, आदित्य गुप्ता, जाहाँगिर मुसलमान, शरदप्रसाद रिजाल, सुरजबहादुर भण्डारी र अतुलकुमार गुप्ता विजयी हुनुभएको छ । निर्वाचनमा यसअघि नै उपाध्यक्षद्वय उद्योगतर्फ कमलकुमार कार्की र वाणिज्यतर्फ विष्णुप्रसाद श्रेष्ठ निर्विरोध हुनुभएको थियो ।

## वैदेशिक रोजगारीको प्रलोभनमा १७ लाख ठगीको आरोपमा दुई जना पक्राउ

काठमाडौँ । वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा प्रहरीले दुई जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका-१२ का ३७ वर्षीय नवीन लामा र सल्यानको शारदा नगरपालिका-२ घर भएका ५० वर्षीय रमेश रेउलेलाई पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार नवीनले मलेसिया पठाइदिने बहानामा तीन जनाबाट रु १४ लाख र रमेशले अमेरिका पठाइदिन्छु भन्दै एक जनाबाट रु तीन लाख लिएका थिए ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com